| २०७७ बैशाख १ देखि असोज २ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २७१ | ६५ | २०६ | ३९ | ३६ | ११ | ६४ | ० | २०३ | **३७४** | **१०१** | **४२०** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज २ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २६९ | ६५ | २०५ | ३६ | ३५ | ९ | ३४ | ० | ८४ | **३३९** | **१००** | **२९८** |
| **२०७७ असोज २ देखि ३ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | सर्पदंश | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | **०** | ० | १ | **१** | ० | ० | **०** | ० | १ | **१** |

# दैनिक विपद् बुलेटिन

२ असोज विहान१०:००बजेदेखि ३ असोज बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी **६** स्थानमा **आगलागी, ४** स्थानमा **अबिरल वर्षा, २** स्थानमा **चट्याङ्ग, १** स्थानमा **बाढी, १** स्थानमा **सर्पदंश**का घटना घटेका छन् । यी घटनामा परेर **१** जनाको **मृत्यु, ५** जना **घाईते,** भएका छन् । यी घटनाबाट **३६ लाख ७० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | ० | १४ | ५ | ३६,७०,००० | ० | ३ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का १४ वटा घट्ना भएका छन् ।
- **चितवन**को भरतपुर महानगरपालिका वडा नं १९ शारदानगरस्थित आफ्नै घरमा सुतीरहेको अवस्थामा **सर्पले टोक्दा ३ जना घाईते** भएकोमा उपचारको क्रममा **१ जना बालकको मृत्यु** ।
- **बारा**को जितपुरसिमरा उपमहानगरपालिका वडा नं ९ छातापिपरा स्थित आरती भेजिटेवल प्रोडक्ट्स कम्पनी (तेल फ्याक्ट्री) को ALFA D.O. को भल्व लगाउँदा हिट भई **आगलागी** हुँदा **१ जना घाईते ।** क्षतिको विवरण आउन बाँकि ।
- **रौतहट**को परोहा नगरपालिका वडा नं ३ र ४ पोखरियास्थित २ वटा कच्चि घर र १ वटा गोठ **अबिरल वर्षा**का कारण पूर्ण रुपमा भत्किदा **२ जना सामान्य घाईते र २ लाख ९० हजार रुपैंया** बराबरको क्षति । राजपुर नगरपालिका वडा नं ४ राजपुर टोलस्थित एक घर **अबिरल वर्षा**का कारण पूर्णरुपमा भत्किदा **४ लाख रुपैंया** बराबरको क्षति ।

## घट्ना सारांश...

- **झापा**को भद्रपुर नगरपालिका वडा नं १० को कार्यालयको ग्यारेजमा राखिएको ट्याक्टर ब्याट्री सर्ट भई अचानक **आगलागी** हुँदा ईन्जिनको भागमा पूर्ण जलि **१२ लाख रुपैंया** बराबरको क्षति ।
- **धनकुटा**को धनकुटा नगरपालिका वडा नं १ निगालेस्थित एक घर **अबिरल बर्षाको** कारण लडी **५ लाख रुपैंया** बराबरको क्षति ।
- **सर्लाही**को चन्द्रनगर गाउँपालिका वडा नं ४ गढाटोलस्थित एक घरको भान्साघरको चुलोबाट आगो सल्किन गई **आगलागी** हुँदा १ वटा बाख्रा सहित भान्साकोठा पूर्ण रुपमा जली **६० हजार रुपैंया** बराबरको क्षति ।
- **पर्सा**को ठोरी गाउँपालिका वडा नं १ चौतरामा एक व्यक्तिको २ वटा खसी **चट्याङ्ग** लागेर मृत्यु हुँदा **३० हजार रुपैंया** बराबरको क्षति ।
- **तनहुँ**को भिमाद नगरपालिका वडा नं ८ चैनपुरस्थित एक गोठमा **चट्याङ्ग** परी १ वटा गोरुको मृत्यु । म्याग्दे गाउँपालिका वडा नं १ अधँरी भञ्ज्याङ्गस्थित **पृथ्वी राजमार्गमा** दमौलीबाट पोखरा तर्फ जाँदै गरेको ट्रकमा अचानक वायरिङ्ग सर्ट भई **आगलागी** हुँदा ट्रकको अगाडिको चक्का पूर्णरुपमा जली नष्ट ।
- **पाल्पा**को रामपुर नगरपालिका वडा नं ५ बंगेपसल लाइनस्थित **अभियान खुद्रा तथा होलसेल सप्लायर्स**मा ढल जाम भई सप्लायर्सभित्र पानी पसी **२ लाख २५ हजार रुपैंया** बराबरको क्षति ।
- **दोलखा**को जिरी नगरपालिका वडा नं ८ होसिङ सलेनिटोलस्थित एक घरको चुलोबाट **आगलागी** हुँदा भान्सा घर, जिन्सी मालसामान, भाँडाकुँडा, काँठपात, तथा भान्साको अन्य सामान समेत जली **३ लाख रुपैंया** बराबरको क्षति ।
- **रुपन्देही**को देवदह नगरपालिका वडा नं ९ र १० मा रहेका १० घरमा **भलुही र रोहीण खोलामा आएको बाढी** पसी एउटा घरको कम्पाउण्ड भत्केको १ हजार बोइलर कुखुरा ४ क्वीन्टल दाना २ क्वीन्टल चामल २५ केजी मल ४२ वटा लोकल कुखुरा सहितको खोर १० वटा हाँस १५ कठ्ठा खेतमा लगाएको धानबाली पुरेको अन्य थप एक किराना पसल र घरमा बाढी पस्दा **६ लाख ६५ हजार रुपैंया** बराबरको क्षति ।
- **रुकुम पश्चिम**को मुसीकोट नगरपालिका वडा नं १३ छिवाङ् चौतारास्थित एक घुम्ती पसलमा अचानक विद्युत सर्ट भई **आगलागी** हुँदा पसलमा रहेको खुद्रा खाद्यान्न र काठ समेत जली नष्ट ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट सर्पदंश, आगलागी र अबिरल वर्षाका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## वर्षाको सारांश

### असोज ०२ गते बिहान ०८:४५ बजे देखि असोज ०३ गते ०८:४५ बजे सम्म

आज मिति२०७७/०६/०३ गते बिहान ०८:४५ बजे ६७ वटा मानब संचालित वर्षा मापन केन्द्रहरुमा मापन गरिएको वर्षाको विवरण अनुसार ५६ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढी वर्षा (५६मि. मी.) कास्की जिल्लाको लुम्ले केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, ७ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र १८ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

<u>असोज-०३ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)</u>

- आज कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने, नारायणी र यसको सहायक नदीमा बहाव बढ्ने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- आज कन्काई, कमला, बागमती , पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आजप्रदेश १ को संखुवासभा, ओखलढुङ्गा, बागमती प्रदेशको दोलखा, रामेछाप, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, गण्डकी प्रदेशको गोरखा, लमजुङ, कास्की, पर्बत, म्याग्दी, बागलुङ, प्रदेश ५ को रूपन्देही, कपिलवस्तु, दाङ, रोल्पा, रूकुम, प्यूठान, बाँके बर्दिया, कर्णाली प्रदेशको सल्यान, सुर्खेत, सुदूरपश्चिमको कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, दार्चुला र आसपास जिल्ला भई बहने केहि स-साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केहिमा आकस्मिक बहाब( Flash Flood) हुन सक्ने पूर्वानुमान छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/